# अर्जुनधारा नगरपालिका

शनिश्चरे, झापा, प्रदेश नं.१, नेपाल

आन्तरिक आयको बोलपत्र/शिलबन्दी/दरभाउ पत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मिति :-२०७७/०३/१७

## टेक बहादुर गिरी बसपार्क पूर्वाधार प्रयोग शुल्क र पार्किङ्ग शुल्क सम्बन्धि सूचना ।

स्थानीय ठेक्का व्यवस्थापन कार्यविधि २०७५ अनुसार यस अर्जुनधारा नगरपालिकाको आगामी आ.व.०७७/०७८ का लागि आन्तरिका आय संकलन गर्न निम्न शीर्षक अनुसारका आयमा राजस्व परामर्श समितिको सिफारिश तथा नगरपालिकाको निर्णयानुसार ठेक्का लगाउनु पर्ने भएकोले ठेक्का लिन चाहानु हुने योग्य फर्म/संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र दिन) भित्र यस कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गरि १६(सोह्रौ दिन) को १२:०० बजे भित्र शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :-

| क्र.सं. | ठे.नं. | ठेक्का शीर्षक | आ.व.०७७/०७८ का लागि प्राप्त न्युनतम अंक भ्याट सहित | बोलपत्र/शिल बन्दी दरभाउ पत्र फाराम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फाराम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | १ | पूर्वाधार प्रयोग शुल्क र पार्किङ्ग शुल्क, टेक बहादुर गिरी बसपार्क, अर्जुनधारा-११ | ३१३६८५०।- | ३०००।- | २०७७/०३/३१ गते दिनको ४:०० बजे सम्म | २०७७/०४/०१ गते दिनको १२:०० बजे सम्म | २०७७/०४/०१ गते दिनको २:०० बजे पछि |

शर्तहरु :-

१. खरिद भएका बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम पेश गर्दा यस कार्यालयको नाममा सम्बोधन गरि ठेक्का नम्बर, ठेक्का शीर्षक, बोलपत्र/शिलबन्दी दरभाउपत्र दाताको फर्मको नाम, फर्मको आधिकारिक व्यक्तिको नाम, थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई आधिकारिक व्यक्तिले दस्तखत गरि शिलबन्दी लाहाछाप गरि पेश गर्नुपर्नेछ ।

२. कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा नागरिकताको प्रमाणपत्र, VAT दर्ता प्रमाणपत्र र आ.व.०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरि) बुझाइ माथि उल्लेखित मिति भित्र, अर्जुनधारा नगरकार्यापालिकाको कार्यालय तथा अर्जुनधारा नगरपालिकाको वडा नं. ८ को कार्यालयबाट खरिद तथा नगरकार्यापालिकाको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३.एउटा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फाराम खरिद गर्न सकिनेछ । जसको नाममा फाराम खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्नेछ ।

४.बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित कबोल अंकको स्वदेशी नागरिक भए ५%(प्रतिशत) तथा विदेशी नागरिक भए १०%(प्रतिशत) । जमानत रकम यस कार्यालयको NIC Asia Bank Ltd. शनिश्चरेस्थित धरौटी हि.नं. ००९२०५०५११२५८०१८ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर धरौटी रकम ठेक्काको लागि समावेश गर्नुपर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शीर्षकको धरौटी हो, सो स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

५. बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरि उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । साथै उल्लेखित ठेक्काको दररेट कार्यालयबाट उपलब्ध गराउने । बोलपत्र/दरभाउपत्र साथ संलग्न रहनेछ ।

६. ठेक्का कबोल रकम एकमुष्ट बुझाएमा कबोल अंकको १०%(प्रतिशत) छुट दिइनेछ, तर ठेक्का रकम किस्ताबन्दी गरी बुझाउन चाहेमा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको २०७७ आषाढ मसान्तसम्म अवधि भएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरि चलान पूर्जी दिइनेछ ।

७. यससँग सम्बन्धित अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

८. ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ । विस्तृत जानकारीका लागि नगरपालिका वा फोन नं. ०२३-४६५५०२ मा सम्पर्क गर्नुहोला ।

पंकज भूर्तेल

प्रमुख प्रशासकीय अधिकृत